प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मिति: २०७७/०७/१७


(बेलुका ५:०० बजे)


### ❖ बागमती प्रदेशमा संक्रमणको अवस्था:

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब त्रिपन्न प्रतिशत (५२.८९%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा कम रहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या कुल नेपालको भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | १७६५०० (१००%) | ९३३५९ (१००%) |
| निको भएको | १३७९९२ (७८.२%) | ६९७३६ (७४.७%) |
| उपचाररत | ३७५२४ (२१.३%) | २३१३२ (२४.८%) |
| मृत्यु भएको | ९८४ (०.५६%) | ४९१ (०.५३%) |
| श्रोत: | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०७/१७ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०७/१७ |

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छ:




स्रोत: EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०७/१७

- यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

## ❖ गत २४ घण्टामा आइ. सी. यु र भेन्टिलेटरमा भएका बिरामीको संख्याः

यस प्रदेशमा गत २४ घन्टामा आइ. सी. यु र भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या यस प्रकार रहेको छः

| विवरण | काठमाण्डौ उपत्यकाभित्र | काठमाण्डौ उपत्यकाबाहिर | जम्मा |
|---|---|---|---|
| आइ. सी. यु मा उपचाररत बिरामीको संख्या | ११५ | ६५ | १८० |
| भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या | ४३ | ४ | ४७ |

## ❖ गत २४ घण्टामा जिल्लागत निधनको संख्याः

| जिल्ला | मृतकको संख्या र विवरण | |
|---|---|---|
| | संख्या | विवरण |
| काठमाण्डौ | ९ | ६ पुरुष र ३ महिला |
| चितवन | २ | २ पुरुष |
| ललितपुर | १ | १ महिला |
| भक्तपुर | १ | १ पुरुष |
| सिन्धुली | १ | १ पुरुष |
| मकवानपुर | १ | १ पुरुष |
| जम्मा — १५ | | |

## ❖ गत २४ घण्टामा भएको निधनको विवरणः

- सुन्धारा, काठमाण्डौका ६५ वर्षिय पुरुष निमोनिया भई कार्तिक ८ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक १६ गते निधन भएको छ । उहाँको कार्तिक ८ गते कोभिड-१९ पुष्टि भएको थियो ।(उहाँ उच्च रक्तचापको समेत बिरामी हुनुहुन्थ्यो।) बानेश्वर, काठमाण्डौका ६० वर्षिय पुरुष कार्तिक ७ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक १६ गते निधन भएको छ । उहाँको कार्तिक ९ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ मधुमेह, उच्च रक्तचाप, युरिक एसिड, अल्सर र दिर्घ मृगौला रोगको समेत बिरामी हुनुहुन्थ्यो।) बौद्ध, काठमाण्डौका ८५ वर्षिय पुरुष निमोनिया भई कार्तिक ११ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक १६ गते निधन भएको छ । उहाँको कार्तिक १० गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ मधुमेह, उच्च रक्तचाप र मृगौला रोगको समेत बिरामी हुनुहुन्थ्यो।) बत्तीसपुतली, काठमाण्डौकी ७३ वर्षिया महिला कार्तिक १५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक १६ गते निधन भएको छ । उहाँको कार्तिक १५ गते कोभिड-१९ पुष्टि भएको थियो । काठमाण्डौकी ६२

वर्षिया महिला मुटुको समस्या भई कार्तिक १६ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा सोहि दिन निधन भएको छ । उहाँको कार्तिक १६ गते नै कोभिड-१९ पुष्टि भएको थियो ।(उहाँ मधुमेह, उच्च रक्तचाप र दमको समेत बिरामी हुनुहुन्थ्यो।)

- काठमाण्डौकी ८२ वर्षिया निमोनिया र मृगौलाको समस्या भई कार्तिक ५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक १० गते निधन भएको छ । उहाँको कार्तिक ५ गते कोभिड-१९ पुष्टि भएको थियो।(उहाँ थाइराएड समस्याको समेत बिरामी हुनुहुन्थ्यो।) बुढानिलकण्ठ, काठमाण्डौका ६६ वर्षिय पुरुष निमोनिया भई कार्तिक १५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक १६ गते निधन भएको छ। उहाँको कार्तिक १५ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ मुटुरोगको समेत बिरामी हुनुहुन्थ्यो।) काठमाण्डौका ४१ वर्षिय पुरुष निमोनिया भई कार्तिक ७ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक १० गते निधन भएको छ । उहाँको कार्तिक ३ गते कोभिड-१९ पुष्टि भएको थियो । काठमाण्डौका ७३ वर्षिय पुरुष निमोनिया भई असोज २९ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको असोज २९ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ उच्च रक्तचापको समेत बिरामी हुनुहुन्थ्यो।)

- भरतपुर, चितवनका ६३ वर्षिय पुरुष निमोनिया भई कार्तिक १२ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक १६ गते निधन भएको छ । उहाँको कार्तिक १३ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ मधुमेहको समेत बिरामी हुनुहुन्थ्यो।) भरतपुर, चितवनका ५३ वर्षिय पुरुष निमोनिया भई कार्तिक १६ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा सोहि दिन निधन भएको छ । उहाँको कार्तिक १३ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ मधुमेहको समेत बिरामी हुनुहुन्थ्यो।)

- कुसुन्ती, ललितपुरका ६३ वर्षीय पुरुष कार्तिक ४ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको कार्तिक ४ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ दिर्घ मृगौला रोगको समेत बिरामी हुनुहुन्थ्यो।) चाँगुनारायण, भक्तपुरका ८० वर्षिय पुरुष निमोनिया भई कार्तिक १५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको कार्तिक १५ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ दिर्घ मृगौला रोगको समेत बिरामी हुनुहुन्थ्यो।)

- कमलामाई, सिन्धुलीकी ८४ वर्षिया महिला श्वासप्रश्वासमा समस्या भई कार्तिक १५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक १६ गते निधन भएको छ । उहाँको कार्तिक १६ गते कोभिड-१९ पुष्टि भएको थियो ।(उहाँ दम र क्षयरोगको समेत बिरामी हुनुहुन्थ्यो।) हेटौडा, मकवानपुरका ७५ वर्षिय पुरुष निमोनिया भई असोज २३ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक १५ गते निधन भएको छ। उहाँको

असोज २२ गते कोभिड-१९ पुष्टि भएको थियो ।(उहाँ उच्च रक्तचापको समेत बिरामी हुनुहुन्थ्यो।)

उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरणः

- हालसम्म बागमती प्रदेशमा ७५८२ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरिएकोमा हाल २६६ जना बसिरहनुभएको छ भने १२८७ जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ४६७२ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३६३१ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र १८२३३ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितिसम्मको विवरण अनुसार यस प्रदेशमा १४१७४२ जनाको पिसिआर परिक्षण गरिएको छ ।
- जिल्लाबाट संकलन गरिएका स्वाबको रिपोर्टिंग तलको तालिकामा समावेश भएको तर स्थानीय र केन्द्रीय तहबाट संकलन भएका केहि स्वाबको रिपोर्टिंग हालसम्म पनि जिल्लाको रिपोर्टिंगमा समावेश गर्न नसकिएकोले स्वाबको संख्या कम देखिएको छ ।स्वाबको रिपोर्टिंग र आइसोलेसनमा बसेको विवरणलाई आगामी दिनमा व्यवस्थित गर्दै लगिनेछ ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | संस्थागत आइसोलेसनमा बसेका | होम आइसोलेसनमा बसेका | जम्मा संकलित स्वाब संख्या# | पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | २६६६ | २१७४ | १०८३५ | ५४४९२ | ६४५४१ | १३२९ | |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | २२७७ | ११२३४ | ९२०० | १९३ | |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | ७५ | १७१९ | ११५२५ | ५८७९ | १०८ | |
| रसुवा | २५५ | ० | ० | ३५ | ० | ४० | १४३० | १०९ | ८ | |
| नुवाकोट | ५४९ | ० | ४ | ४५ | ७ | २८३ | ६२४० | ६९६ | १९ | |
| धादिङ | ३१५ | ० | १८ | १६० | ३४ | ३९१ | ५४१२ | ११९७ | १४ | |
| चितवन | २४६५ | ४४ | ५६९ | ३५५ | ९४३* | १२२४ | १५७७९ | ४९७० | १६८ | |
| सिन्धुली | ३१३ | ० | ९ | ४३ | २० | ११५ | ३८३८ | ३८७ | ८ | |
| मकवानपुर | १२५ | ० | ० | २९० | १७ | ८६१ | १५४५० | ३३०० | ३३ | |
| रामेछाप | ४९० | ६५ | ४९ | १०८ | १२ | १ | १४७९ | ३६० | ३ | |
| दोलखा | १९३ | १ | १ | ४४ | ७८ | १६ | २४३२ | ३४७ | ८ | |
| काभ्रेपलान्चोक | ५९७ | ६ | २४ | १७५ | ५५ | ३३३ | ६६१३ | १७९६ | ८५ | |
| सिन्धुपाल्चोक | ७५४ | ० | १०१ | १३१ | ८ | १३८ | ५८१८ | ५७७ | २७ | |
| जम्मा | ७५८२ | २६६ | १२८७ | ४६७२ | ३६३१ | १८२३३ | १४१७४२ | ९३३५९ | २००३ | |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको, #केहि जिल्लाहरुको अध्यावधि गर्न बाँकी रहेको

## ❖ मुख्य-मुख्य क्रियाकलापहरुः

- **संक्रमितको खोजी र फलो-अप कार्यः**

सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा प्राप्त भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| धुलिखेलस्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | १२४३१ | १८८ | २७८ | ४५ जनाः सिन्धुपाल्चोक-१८, भक्तपुर-९, धादिङ-७, सिन्धुली-४, काभ्रेपलान्चोक-३, दोलखा-२, फलोअप-२ | २३३ | |
| VBDRTC, हेटौडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ३०९७८ | १५९ | १५९ | २४ जनाः मकवानपुर-२३, प्युथान-१ | १३५ | |

## ❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p3.gov.np/
-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/
-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/
-कोभिड१९ संकट ब्यबस्थापन केन्द्रः ccmc.gov.np
-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-19-situation-updates
-विश्व स्वास्थ्य संगठन / नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता
डा. पुरुषोत्तम राज सेढाई